कटहरी गाउँपालिका
मोरङ
प्रदेश नं. १, नेपाल

प्रमाणित मिति
२०८१३।१९

कटहरी गाउँपालिका मोरङ




मोरङ


१ नं.प्रदेश, नेपाल

२०७७

Scanned with CamScanner




Scanned with CamScanner



Scanned with CamScanner

आर्थिक वर्ष २०७७।७८ को बजेट सिद्धान्त र प्राथमिकताहरु



कटहरी गाउँपालिका

मोरङजिल्ला

प्रदेश न १

Scanned with CamScanner

खण्ड १ परिचय :

१.१कटहरी गाउँपालिकाको परिचय :

मोरङको कटहरी गाउँपालिकाको विराटनगर महानगरपालिकासँग सिमाना जोडिएको छ । विराटनगर महानगरपालिकाबाट यो गाउँपालिका सिंगिया खोलाले छुट्टिएको छ । तसर्थ कटहरी र विराटनगर महानगरपालिकाको बीचमा खासै अन्तर रहेको छैन । कटहरीमा थुप्रै उद्योगधन्दा छन्, जसले विराटनगर महानगरपालिकामा भएको ख्याति पाएका छन् । यता यस भेगको सुख्खा बन्दरगाहा पनि कटहरीमा नै निर्माणाधिन छ । विभिन्न उद्योगधन्धाको अवस्थितिका कारण कटहरी विगतमा र वर्तमानमा पनि प्रख्यात स्थल हो । अघि वि.सं. १९७१ सालभन्दा अगाडि रंगेली विराटनगर महानगरपालिकाको सदरमुकाम थियो । तर त्यस बेला पनि कटहरी भेगमा मानिसको सामान्य वस्ती थियो । यसैगरी यही गाउँपालिकाबाट हुलाकी बाटो पनि गएको देखिन्छ । पछि वि.सं. १९७१ सालमा मोरङको सदरमुकाम विराटनगर महानगरपालिकामा सारिएको हो । त्यसपछि कटहरी विराटनगर महानगरपालिकाको पूर्वतिरको महत्वपूर्ण गाउँका रूपमा परिचित रह्यो ।

अघि कटहरी गाउँपालिका क्षेत्रको ठूलो भूभागलाई घना जंगलले ढाकेको देखिन्छ । यहाँका नदी किनारी भागमा केही जातजातिका मानिसहरूका ससाना वस्तीहरू थिए । घना जंगलका कारण मानिसले खोला या नदीको किनारी भागमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । कटहरी गाउँपालिका भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको संकेत गरेका छन् । थलाहा, भौंडाहा र कटहरी आसपासमा यस्ता पुराना थुप्रै प्रकारका अवशेषहरू पाइएका छन् । तिनीहरू कतिपय नासिएका छन् भने कतिपय अझसम्म पनि उजागर हुन सकेका छैनन् । अघि राणा कालमा हुलाकी मार्ग बनाउने क्रममा सिंगिया खोला छेउमा कटहरीमा नै एउटा ठूलो ताल्चा पाइएको र त्यसैको आधारमा विराट राजाको दरबार क्षेत्रका रूपमा विराटनगर महानगरपालिकाको नामकरण भएको मान्यता छ । यस आधारमा कटहरीको सम्बन्ध विराटनगर महानगरपालिकासँगै गाँसिएको छ र यसको प्राचीनता विराटनगर महानगरपालिका जत्तिकै पुरानो मानिन्छ ।

ऐतिहासिक रूपमा मोरङको कटहरी लगायतको विराटनगर महानगरपालिका भेग विभिन्न राज्यको अधिनमा पर्ने र यदाकदा 'स्थानीय रजौटाहरूले शासन गर्ने स्थान थियो । कुनै बेला मत्स्यदेश भित्र पर्ने कटहरी लगायतको वरपरको ठूलो स्थानमा धेरै पहिलेदेखि नै मानिसको 'बसोबास' भएको अनुमान छ । मोरङको भेडीयारी, कसेनीको धनपालगढी, हरैंचा र राजघाट सरहनै धनपालथान क्षेत्रमा पनि मानिसहरूको बसोबास थियो । सम्भवत मध्यकालमा कुनै बेला कटहरी भेग पनि राजा धनपालको अधिनमा थियो भन्ने देखिन्छ । कटहरीमा पनि हालसम्म धनपालथान नामको एउटा थान रहेको तथा त्यसमा पूजाआजा गर्ने परम्परा रहेको हुनाले यस भेगमा पनि धनपालथान को प्रभाव रहेको बुझ्न सकिन्छ । विजयपुर भेग विभिन्न राजा र रजौटाका अधीनमा पर्ने र तिनबाट छुट्कारा पाउने क्रममा नै यस भेगमा विजयनारायण पछि पाल्पाली सेनराजा लोहांगसेनले कब्जा गरे ।

पाल्पाली सेनको अधीनमा परेको कटहरी लगायतको मोरङ राज्य मकवानपुरको अधिनमा राखिएको थियो । यस भेगको राजा भने लोहांगसेन थिए, जो मकवानपुरमा बसेर शासन गर्दथे । अझ पछि भने मकवानपुरे सेन राजा हरिहरसेनका नाती विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा कटहरी लगायतको स्थान विजयपुरको अभिन्न अंग बन्न पुग्यो । सेन कालभन्दा अघिनै कसेनीको धनपालथान गढीलाई किल्ला बनाएर एकजना स्थानीय रजौटाले शासन चलाएका थिए । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि कसेनीमा रहेको छ । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालथान गढीका नामले जान्ने गरिन्छ । सम्भवत धनपालथान को दक्षिणी गढी या सिमाना भने धनपालथान थिए । यता कटहरीमा पनि धनपालथान छ । यसबाट कुनै बेला कटहरी भेग पनि धनपालथान को अधिनमा रहेको अनुमान गर्न सकिन्छ । सम्भवत: राजा धनपालथान को पश्चिमी किल्ला सिंगिया खोला थियो ।

वि.सं. १७६० तिर कटहरी नजिक जंगलमा वनसखण्डीबाबा आएका थिए । तिनले कटहरी नजिकै जंगलमा एकदिन धुनी जगाएर बसेको कुरा इतिहासमा वर्णित छ । तसर्थ कटहरी नजिकै पर्ने विराटनगर महानगरपालिकाको अस्पताल क्षेत्रभित्र बनस्खण्डीबाबाको मन्दिर निर्माण गरिएको छ । यसै क्रममा वि.सं. १८३१ सालमा विजयपुर बृहत्तर नेपालमा गाभिएपछि भने कटहरी लगायतको विजयपुर भेग पनि बृहत्तर नेपालभित्र पर्न पुग्यो । त्यसपछि केही समयसम्म साँगुरीगढीबाट यस भेगको शासन चल्यो । पछि मोरङको शासन रंगेली सदरमुकामबाट चलाउन लागियो । यता वि.सं. १९७१ साल पछि भने मोरङको राजधानी विराटनगर महानगरपालिकामा सर्‍यो र कटहरी विराटनगर महानगरपालिकाको सिमावर्ती गाउँका रूपमा रह्यो । यहाँ उत्पादित सागसब्जी लगायतका अन्ना.पा.त र फलफूल

Scanned with CamScanner

आदि वस्तु विराटनगर महानगरपालिकाको बजारमा खपत हुने गर्दथ्यो । अहिलेसम्म पनि विराटनगर महानगरपालिकालाई आवश्यक धेरै प्रकारका उत्पादनहरू कटहरीले धानेको छ । तर आज आएर भने विराटनगर महानगरपालिकामा खोलिएका भनिएका धेरै उद्योगहरू कटहरीमा रहेका छन्, जसले गर्दा कटहरीको उर्बर जमिन उद्योगधन्धाले भरिन लागेको छ ।

नामकरण

कटहरीको नामकरणका बारेमा अनेक प्रकारका तर्कहरू पाइन्छन् । हालको कटहरी गाउँपालिका साविकको कटहरी गा.वि.स.का नामबाट बनेको हो । कटहरीको नामकरणका बारेमा स्थानीय जनमानसमा प्रचलित एक किंवदन्तीअनुसार अघि यस भेगमा एक देवीको थान थियो । त्यस थानमा भाकल तथा पूजाआजा गरेको खण्डमा मानिसका सबै प्रकारका दुख तथा कष्टहरू हट्ने मान्यतामा यसलाई कटहरी भनिएको हो । यसैगरी कटहर प्रशस्तै पाइने स्थानका रूपमा पनि यसलाई कटहरी भनिएको बताइन्छ ।

अवस्थिति (सिमाना)

मोरङको दक्षिण पश्चिमी भागमा पर्ने कटहरी गाउँपालिका नक्सामा हेर्दा पूर्वतिर कोल्टिएको ठाडो आकारमा रहेको देखिन्छ । यो गाउँपालिका कटहरी, भौंडाहा र थलाहा गा.वि.स.लाई मिलाएर वि.सं. २०७३ सालमा पुनर्संरचना गरिएको हो । कटहरी गाउँपालिका निर्माणका कममा साविकको कटहरी गा.वि.स.का विभिन्न वडाहरूलाई यसको वडा नं १, २, ३ र ४ गरी जम्मा चारवटा वडामा विभाजन गरिएको छ । साविकको कटहरी गा.वि.स.का २ र ३ नं वडालाई हाल गाउँपालिकाको वडा नं. १, १ र ५ लाई २, ४ र ६ लाई ३ तथा ७, ८ र ९ नं. वडालाई हालको गाउँपालिकाको वडा नं. ४ कायम गरिएको छ । यसैगरी भौंडाहा गा.वि.स.का वडा नं. १, २, ३, ४ र ९ नं. वडालाई हाल यस गाउँपालिकाको वडा नं. ५ तथा भौंडाहाका वडा नं. ५, ६, ७ र ८ तथा थहाला गा.वि.स.का वडा नं ५, ६, ८ र ९ लाई कटहरी गाउँपालिकाको वडा नं. ६ कायम गरिएको छ । यता थलाहाका बाँकी रहेका वडाहरू १, २, ३, ४ र ७ लाई कटहरी गाउँपालिकाको वडा नं. ७ कायम गरिएको छ । यसरी दक्षिणी पश्चिम मोरङका यी तीनवटा गा.वि.स.लाई मिलाएर कटहरी गाउँपालिका बनाईएको हो । यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरू छन् । यस गाउँपालिकाको नाम भने साविकको कटहरी गा.वि.स.को नाममा राखिएको हो ।

क्षेत्रफल

कटहरी गाउँपालिकाको सिमाना पूर्वमा रंगेली नगरपालिका तथा धनपालथान र जहदा गाउँपालिकासँग जोडिएको छ । यता यसको दक्षिणमा जहदा गाउँपालिका पर्दछ भने पश्चिममा चाहिं विराटनगर महानगरपालिका पर्दछ । यसको उत्तर तथा उत्तरपश्चिममा भने ग्रामथान गाउँपालिका पर्दछ । समुद्र सतहबाट करिब ७३ मिटर उचाईमा रहेको छ । यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भुभाग कृषि क्षेत्रले ओगटेको छ । यस गाउँपालिकाभित्र एउटामात्र सामुदायिक वनका साथमा २ वटा अन्य प्रकारका वृक्षारोपण क्षेत्र पनि रहेका छन् । तर यस गाउँपालिकाभित्र वनजंगल क्षेत्र अति न्यून छ । यस गाउँपालिकाको क्षेत्रफल ५१.५९ व.कि.मी. रहेको छ ।

भौगोलिक स्वरूप

कटहरी गाउँपालिका मोरङको दक्षिण पश्चिमी गाउँपालिका हो । विराटनगर महानगरपालिकासँग टाँसिएको तथा विराटनगर महानगरपालिका रंगेली, उर्लाबारी राजमार्गको उत्तरतिर अत्यधिकजसो क्षेत्र रहेको कटहरी गाउँपालिकाको सबै जमिन समथर छ । यसको ढाल दक्षिणतिर फर्किएको हुनाले यहाँका खोलानाला दक्षिणतिर बग्ने गर्दछन् । यो गाउँपालिकामा वनजंगल रहेको छैन ।

जनसङ्ख्याको विवरण

मोरङको कटहरी गाउँपालिकाको कूल जनसङ्ख्या वि.सं. २०६८ सालको जनगणना अनुसार ३९७७५ जना रहेको छ, जसमा महिला १९५७६ जना र पुरूष २०१९९ जना छन् । वि.सं. २०५८ सालको जनगणना अनुसार यहाँको जनसङ्ख्या३२५३९ थियो, जसमा महिला १५६५२ जना र पुरूष १६८८७ जना थिए । सङ्ख्यागत रूपमा विगत १० वर्षको अन्तरालमा यस गाउँपालिकाको जनसङ्ख्या७२३६ जनाले बढोत्तरी भई वि.सं. २०६८ सालमा जम्मा जनसङ्ख्या ३९७७५ जना पुगेको छ । वि.सं. २०६८ सालपछि पनि यस गाउँपालिकाको जनसङ्ख्या निकै वृद्धि भएको छ । तर यहाँको जनसङ्ख्याको वृद्धि ज्यादा मात्रामा गाउँपालिकाको हुलाकी राजमार्गको छेउछाउमा भएको देखिन्छ । यसको उत्तरी र दक्षिणी भागमा भने जनसङ्ख्याज्यादा बढेको पाईदैन । वि.सं. २०७३ सालमा यहाँको जनसङ्ख्या ४२५१९ पुगेको अनुमान जनसङ्ख्या प्रक्षेपणबाट गरिएको छ । यस सालसम्ममा यस गाउँपालिकाको पुरूषको सङ्ख्या २१५९२ जना र महिलाको जनसङ्ख्या भने २०९२६ जना पुगेको छ । तलको तालिकामा यस गाउँपालिकाको वि.सं. २०६८ सालको राष्ट्रिय जनगणनाअनुसारको तथा वि.सं. २०७३ सालको प्रक्षेपण सङ्ख्यासमेत दिइएको छ

रामकुमार काफ्ले
अध्यक्ष

Scanned with CamScanner

रामकुमार कामत
अध्यक्ष

तालिका नं. १

वडा अनुसार तथा लिङ्गअनुसार जनसङ्ख्याको विवरण तथा जनसङ्ख्या बृद्धिदर

वडा नं.	२०६८			२०७३			वार्षिक जनसङ्ख्या बृद्धिदर (प्रतिशत)
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	
१	२५९१	२६०९	५२००	२७४१	२७६०	५५०२	१.१३
२	३५७५	३२९२	६८६७	३९८३	३६६८	७६५२	२.१७
३	२५९०	२४१६	५००६	२६९७	२५१५	५२१३	०.८१
४	३७५०	३५७२	७३२२	३८५४	३६७१	७५२६	०.५५
५	१९३६	१८७९	३८१५	१९८८	१९२९	३९१८	०.५४
६	३५०२	३४५८	६९६०	४२५८	४२०४	८४६३	३.९१
७	२२५५	२३५०	४६०५	२२९१	२३८८	४६८०	०.३२
जम्मा	२०१९९	१९५७६	३९७७५	२१५९२	२०९२६	४२५१९	१.३३

श्रोतः जनगणना २०६८ को प्रतिवेदन ।

माथिको तालिकामा देखाइएअनुसार कटहरी गाउँपालिकाको कूल जनसङ्ख्या४२५१९ जना पुगेको छ । यहाँ पुरूषको सङ्ख्या२१५९२ जना र महिलाको सङ्ख्या भने यस भन्दा केही कम २०९२६ जना छ । कटहरीको जनसङ्ख्या बृद्धिदर भने १.३३ रहेको छ । यस गाउँपालिकाको वडा नं. २ र ६ मा जनसङ्ख्या ज्यादा मात्रामा बृद्धि भएको छ । अन्य वडाको जनसङ्ख्या भने खासै बृद्धि भएको देखिदैन ।

कटहरी गाउँपालिकाको जनसङ्ख्याको विवरण तलको लेखाचित्रमा पनि देखाइएको छ ।

लिङ्ग अनुसार घरमुली

कटहरी गाउँपालिकाको जनसङ्ख्याको विवरण हेर्दा यहाँ महिलाको तुलनामा पुरूषहरूको घरमुली सङ्ख्या ज्यादा रहेको देखिन्छ । यस गाउँपालिकामा जम्मा ८००९ घरपरिवार मध्ये ७०४९ जना घरमुली पुरूषहरू नै रहेका छन् भने महिला घरमुली सङ्ख्याचाहिँ निकै न्युन मात्रमा ९६० जनामात्र रहेको छ । तलको तालिकामा लिङ्गअनुसारको घरमुलीको सङ्ख्या देखाइएको छ ।

तालिका नं. २

लिङ्गअनुसार परिवार मुली, परिवार सङ्ख्या र औसत परिवार सङ्ख्या

वडा नं.	परिवार मूलीको सङ्ख्या			घरपरिवार सङ्ख्या	औषत परिवार सङ्ख्या
	पुरूष	महिला	जम्मा		
१	९६४	१३३	१०९७	१०९७	४.७
२	१२७२	१९३	१४६५	१४६५	४.७
३	८८३	६७	९५०	९५०	५.३
४	१२७५	१०८	१३८३	१३८३	५.३
५	५६८	२०३	७७१	७७१	४.९
६	१२५३	१२७	१३८०	१३८०	५.०
७	८३४	१२९	९६३	९६३	४.८
जम्मा	७०४९	९६०	८००९	८००९	५.०

श्रोतः जनगणना २०६८ को प्रतिवेदन ।

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

माथिको तालिकामा दिइएको लिङ्गअनुसारको घरमुलीको विवरणमा सबैभन्दा ज्यादा महिला घरमुली भएको वडा वडा नं. ५ हो, जहाँ जम्मा २०३ जना महिलाहरू घरमुली रहेका देखिन्छन् । सामान्यतया आदिवासी जनजातिको वसोबास भएका वडाहरूमा महिला घरमुलीको सङ्ख्या ज्यादा रहने गरेको देखिन्छ ।

१.२.१ सवल पक्ष : मोरङ जिल्लाको औद्योगिक नगरी विराटनगर महानगरपालिकाको पूर्वतिर रहेको कटहरी गाउँपालिका प्रचुरमात्रमा कृषि उत्पादन हुन्छ । यो औद्योगिक गाउँपालिका पनि हो । मजदुरको खानी यही गाउँपालिकामा छ । तरकारी खेती , माछा, मासुमा आत्मा निर्भर हुदै आएको छ । रिक्शा, अटो, बस र रेल सेवाले गर्दा रोजगारी, उद्योग र व्यापारमा वृद्धि हुदै गएको छ ।

१.२.२ कमजोर पक्ष :

हाम्रो गाउँपालिकामा भएको मानविय स्रोत साधनको सही सदुपयोग गर्न नसक्नु । जल,जमिन, जनशक्तीको सहिठाउँमा सही तरीकाले सदुपयोग नगरीनु । आफनो सस्कृती ,भाषा , भेषभुषा र भोजनलाई अनुकरण नर्गनु । हामीसंग रहेका विभिन्न भाषा सस्कृति भेषभुसा रहनसहन जस्ता मानविय पुँजी , सामाजीक पुँजी ,भौतिकपूँजीलाई दुनियाको अगाडि चिनाउन नसक्नु । पुर्वाधारको विकास नहुनु,**"हामीले, हाम्रो लागि ,हामिले नै गर्नु पर्छ "** भन्ने भावनाको कमि नै यस गाउँपालिकाको कम्जोर पक्ष हो ।

१.२.३अवसर

- मानव पूँजी , भौलिक पूँजी र सामाजीक पूँजीलाई समयसापेक्ष दक्ष वनाउदै आय आर्जनको लागि उपयूक्त बतावरण बनाउने ।
- उद्योग व्यापारलाई समयसापेक्ष सुधार गर्दै पूर्ण अर्गानिक र प्रदुर्शन मुक्त वातावरण श्रृजना गर्ने ।
- गाउँपालिका क्षेत्रमा धार्मिक, सामुदायिक र निजीवनहरु लगाउन प्रोत्साहन गरी अनुकुल बातावरणको श्रृजन । गर्ने ।
- गाउँपालिकामा स्थल यातायातको विकास गरी रोजगारी श्रृजना गर्ने सार्थ उद्योग व्यापारको विस्तार गर्ने ।
- कृषिलाई जीवीकोपार्जनको सट्टा व्यवसायीक बनाउने ।
- यस गाउँपालिकामा रहेको माछाजोनलाई अधिकक्तम उपयोग गरी माछामा आत्मानिर्भर बनाउने ।
- बसीखाने जनशक्तिलाई सिपमुलक जनशक्तिमा परिवर्तन गरी थपआय आर्जन गर्ने ।
- विनासको रुपमा बुझिएका सिंघिया , जुडी र लोहान्द्रा खोलालाई व्यवस्थीत गरी आयमूलक बनाउने ।
- गाउँपालिकालाई मासु र दुधमा आत्मानिर्भर गराउने ।

१.२.४ चुनौति :

- स्थानीय समुदाय, सरकारी स्थानीय तथा जिल्ला स्तरीय विषयगत निकाय तथा गैर सरकारी संस्थाहरुको विच समन्वय, सहकार्य र सहअस्तित्वको कमि हुनु ।
- गाउँपालीका क्षेत्रमा प्राविधिक मानवीय जनशक्तिको उपलब्धतामा कमी हुनु ।
- गाउँपालिका क्षेत्रमा रहेको र उत्पादित बौद्धिक मानविय जनशक्ति वाहिरिनु ।
- गाउँपालिका क्षेत्रमा उपयूक्त स्टोरको अभाव भएकोले उत्पादित कृषिउपजको वजारीकरण गर्न नसक्नु ।
- विधमान निर्माधिन तथा निर्माण भएका सडकहरुका चौडाई कमभएका कारणले भविष्यमा उद्योग ,व्यापार र यातायातमा संकट आइपर्नु ।
- लोप हुन लागेका स्थानिय भाषा, संस्कृति, भेषभुषा संरक्षणका लागि सास्कृतिक संग्राहालय निर्माण सहित संरक्षण गर्न नसक्नु ।

Scanned with CamScanner

- परम्परागत रुपले गरिने खेति बालि प्रणालिमा आधुनिकिकरणको विकास र प्रविधि प्रयोग गरी छिटो र धेरै आम्दानि गर्ने खालका खेतिवालि गर्ने परिपाटिको विकास गर्न नसक्नु ।
- गाउँपालिका अधिकांस युवाहरु कुलतमा लागेकोले क्षमता वृद्धि गरी आय आर्जन गर्न नसक्नु ।
- बालविवाह र दाइजो पर्थालाई अन्त्य गर्न नसक्नु ।
- जलवायू परिवर्तनको असरले कृर्षि तथा पशुपालन क्षेत्रमा परेको असर न्यूनिकरणकालागि पहल कदमी नहुनु ।
- किटनासक औषधीको प्रयोगले पर्यावरणमा प्रतिकुल प्रभाव परेको छ, यसको प्रयोग न्यूनिकरण गरि अर्गानिक खेति प्रणाली सम्वन्धि क्रियाकलापहरु संचालन गर्न नसक्नु ।
- फोरमैला व्यवस्थापनका लागि डम्पिङ साइडको अभाव रहेको छ भने सरसफाई सम्वन्धि योजना निर्माण हुन नसक्नु ।
- सार्वजनिक शौचालयको निर्माण साथै सरसफाइका लागि आवस्यक जनशक्तिको व्यवस्थापन गर्न नसक्नु ।

पश्चिममा संस्कृतिको प्रभावका कारण मानिसहरुको परम्परादेखि खादै आएका खाद्यबस्तुहरु र परम्परागत पोषाकहरु विस्थापित हुने अवस्थामा छन यिनिहरुको संरक्षणकालागी मानिसहरुको बानि परिवर्तन गर्ने खालका कार्यक्रमहरु संचालन गर्न नसक्नु ।

१.३ बार्षिक बजेट, सिद्धान्त र प्राथमिकता तर्जुमाको लागि अवलम्वन गरिएको पद्धति :

गाउँपालिकामा भएको स्रोत र साधनको अनुपातमा जनताको धेरै भन्दा धेरै आवश्यकताहरु कुण्ठित नै रहेका छन् । यस्तो परिस्थितीमा गाउँपालिकाले वजेट ,सिद्धान्त र प्राथमीकताहरु ल्याउनु पक्कै पनि चुनौतिपुर्ण कार्य हो तर पनि वनेको कानुन नियम, विगतको अभ्यास, जनताको आवश्यकता, वडा तहबाट सिफारिस भइ आएका योजना र प्राथमिकताको आधारमा वजेत, सिद्धान्त र प्राथमीकताहरु पेश गरिएकाछन् । पेश गरिएको वजेत, सिद्धान्त र प्राथमीकताहरु माथी व्यापक सल्लाह, सुझाव र छलफलवाट अनुमोदन हुनेछ भन्ने विश्वास समेत लिएका छौ ।
स्थानीय सरकार संचालन ऐनलाई आधारमान्दै यस गाउँपालिकाको बार्षिक बजेत, सिद्धान्त र प्राथमीकताहरु तय गर्न निम्न विधि अवलम्वन गरिएको छ ।

- साविकका गाउँसभाहरुमा पेश भएका वस्ती स्तरका मागलाई प्राथमिकतामा राख्दै वडा भेला र वार्ड समितिको वैठकवाट स्थानीय स्तरको माग संकलन गरिएको छ ।
- प्रत्येक वडामा ठुला तथा साना योजना तथा कार्यक्रमहरु छनौट गर्नुका साथै पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, संस्थागत विकास, बातावरण तथा विपद् व्यवस्थापन , बालबालिका,महिला शसक्तीकरण तथा नेतृत्व विकास र बातावरण तथा विपद् व्यवस्थापनका योजना तथा कार्यक्रम समावेश गरिएको छ ।
- निर्माणधिन आवधिक योजना निर्माण कार्यशालावाट प्राप्त सरोकारवालाको सुझावलाई समेत आधारमानी गाउँको सोच, लक्ष्य र उदेश्य निर्माण गरिएको छ ।
- वडा तहवाट प्राप्त आयोजना तथा कार्यक्रमलाई निम्न आधारमा विषयगत समितिहुदै वार्षिक वजेत तथा कार्यक्रम तर्जुमा समितिद्वारा आयोजना तथा कार्यक्रमको प्राथमिकिकरण गर्दे कार्यपालिकामा पेश गरेको र कार्यपालिकामा छलफल गर्दे संशोधन सहित गाउँ सभामा पेश गर्न लागिएको छ ।

निम्न :

- आर्थिक विकास र गरिवी निवारणमां प्रत्यक्ष योगदान पुऱ्याउने,
- उत्पादनमूलक र छिटो प्रतिफल दिने)
- राजस्व परिचालनमा योगदान पुऱ्याउने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,

Scanned with CamScanner

- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने,
- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल)Resilience)बनाउने,
- स्थान विशेषको संस्कृति र पहिचान प्रवर्द्धन गर्ने,
- **गाउँपालिकाको गुरुयोजनामा सघाउ पुग्ने तथा गाउँपालिकाले तोकेका सडक मापदण्डमा सघाउ पुग्ने ।**
- **सडक पूर्वाधार निर्माण गर्दा अनिवार्य निकाश व्यवस्थापन भएको ।**

१.४ आयोजना प्राथामिकताका आधार :

योजना तर्जुमाका क्रममा प्राथमिकीकरणका आधारहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- बढी भन्दा बढी स्थानीय उपभोक्ता समूहहरुको सहभागिता हुने र श्रम प्राप्त हुने ।
- सर्वसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने रोजगार प्रबर्द्धन हुने र आयमूलक कार्यक्रमहरु ।
- कृषि उत्पादन बृद्धि गर्न सहयोग पुग्ने कार्यक्रमहरु ।
- स्थानीय साधन सीप र क्षमताका परिचालनबाट संचालन हुन सक्ने कायक्रमहरु ।
- पिछिडिएका तथा उत्पीडित जाति, जनजाति तथा महिला बालबालिकाको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु ।

सि.नं.	सूचकहरु	प्रतिशत	कैफियत
१	गरिबी न्यूनीकरण योगदान	२०	८०% भन्दा बढी - प्रथम ६०% भन्दा बढी - द्वितीय ६०% भन्दा कम - तृतीय
२	आवधिक गाउँ विकास योजनाको प्राथमिकता	२०	
३	मानव विकास सूचक स्थित	१०	
४	लाभान्वित वर्ग मध्ये लक्षित वर्गको प्राथमिकता	१०	
५	आयोजनाको भौगोलिक विकटता	१०	
६	जनसहभागिताको अनुपात	१०	
७	क्रमागत योजना	१०	
८	स्थानीय श्रोत साधनको उपयोग	५	
९	बजेटको निश्चितता	५	
	जम्मा	१००	

खण्ड २ आ.व. २०७६/७७ आयोजना तथा कार्यक्रमको समिक्षा :

२.१ यस कटहरीले आ.व.२०७६/७७ मा पाँचौ र छैटौ गाउँसभाले स्वीकृत गरेका निम्नानुसारका योजना तथा कार्यक्रमहरु उपभोक्ताहरुले उपभोक्ताका लागि गरिने भएको हुनाले देख्न , छुन, अनुभुति गर्न सकिने गरी सम्पन्न गरीएको छ ।

सि.न.	क्षेत्रगत विकास कार्यक्रम	प्रगती	खर्च रकम रु
१	आर्थिक विकास	४७.१८	१,७६,४७,०००।
२	सामाजिक विकास	६८.३४	९,३६,४२,५७८।
३	पूर्वाधार विकास	३९.८१	९,३९,१४,३०४।
४	वातावरण तथा विपद व्यवस्थापन	७२.३६	२,७५,५१,८३६।
५	आन्तरीक तथा प्रशासनिक खर्च	८१.५२	१३,५३,९९,९३२।
६	जम्मा	६०.३२	३६,८१,५५,६५०।

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

खण्ड ३ आगमि आ.व. २०७७/७८ को बजेट ,सिद्धान्त तथा प्राथमिकताहरु :

स्थानिय तह गठन संगै २०७४ असार १४ गते सम्पन्न स्थानिय तहको निर्वाचनवाट निर्वाचित वर्तमान पदाधिकारीहरुले पदभार ग्रहण पश्चात आफ्नो कार्यपालिका वैठक तथा गाउँसभावाट "***साथ तपाइको, नेतृत्व हाम्रो, हाम्रो ठाउँ औद्योगि गाउँ***"भन्ने नाराका साथ दलित तथा विपन्न महिलाका लागि आय आर्जन कार्यक्रम, हिंसा पिडित महिलाका लागि हेल्प डेष्क संचालन, हाम्रो लागि राम्रो कार्यक्रम , अपांग प्रतिभा प्रस्फुटन कार्यक्रम, पर्यावरणीय वाल पार्क निर्माण, खेलमैदानको विकास तथा विस्तार गर्ने, सडक यातायात गुरुयोजन, भवन निर्माण कानून एकिकृत गाउँ गुरुयोजना निर्माण गर्ने कार्यक्रम सार्वजनिक गर्दै **"कृषि,उद्योग र पूर्वाधार, समृद्ध कटहरीको मूल आधार"** भन्ने उद्घोषका साथ कटहरी गाउँपालिका अगाडी वढेको छ ।

आगामी आ.व.२०७७७८ का लागि कटहरी गाउँकार्यपालिकाद्धारा गाउँसभामा स्वीकृतीका लागि पेश गरेको वजेट ,सिद्धान्त तथा प्राथमिकताहरु निम्नानुसार रहेका छन् ।

३.१ सोंच :

स्वच्छ, स्वस्थ, औद्योगिक गाउँ ।

आर्थिक, सामाजिक, सास्कृतिक रुपमा, कटहरीलाई समुन्नत बनाऔं ।

३.२ लक्ष्य :

कटहरीलाई आर्थिक रुपले सम्पन्न, भौतिक रुपले योजनावद्ध सुविधायुक्त, लैगिक रुपमा महिला मैत्री, सामाजिक रुपले समावेशी/सहभागितात्मक, वातावरणीय रुपले स्वच्छ, सफा तथा व्यवस्थापकीय रुपले सुव्यवस्थित शैक्षिक, प्रशासनिक र औद्योगिक गाउँको रुपमा विकास गर्ने ।

३.३ उद्देश्य :

१. पूर्वाधारहरूको विकास तथा विस्तारबाट सेवा, सुविधा र बजारमा पहुँच र उपयोग वृद्धि भई जीवनयापन सहजता तर्फ उन्मुख भएको हुनेछ ।

२.कृषि तथा पशुपालन पेशा व्यवसायिक रोजगारमूलक तर्फ उन्मुख भएको हुनेछ ।

३.पर्यटकीय पूर्वाधारको लगत तयार एवं पूर्वाधारमा स्तरवृद्धि भएको हुनेछ ।

४.उद्योग तथा व्यवसायको सिर्जना, वृद्धि र विस्तार भएको हुनेछ ।

५. शिक्षा तथा खेलकुद सर्वसुलभ, गुणस्तरीय, व्यवसायिक र समावेशी गराउन योजनावद्ध विकासको शुरुवात हुने छ ।

६. स्थानीय लोक, कलासंस्कृति र साहित्यको संरक्षण र सम्वर्द्धनका लागि योजना भएको हुनेछ ।

७. स्वास्थ्य सेवाबाट प्राप्त हुने आधारभूत सेवाको गुणस्तरमा स्तर वृद्धि र सुलभता भएको हुनेछ ।

८ .विधुतिय शुसासनको प्रारम्भ भएको हुनेछ ।

९. विपद् जन्य जोखिम न्यूनिकणका लागि योजना र कोष निर्माण भएको हुनेछ ।

१०.उद्यम व्यवसाय विकासमा महिलाहरुको अर्थपुर्ण सहभागितामा वृद्धिभई आय आर्जनमा क्रियाशिल भएको हुनेछ ।

११. फोहर व्यवस्थापनमा वैज्ञानिक व्यवस्थापनको शुरुवात गरिनेछ ।

१२. बेरोजगार युवाहरुलाई आवश्यकता अनुसारको तालिम दिई रोजगारी बृद्धि गर्दै लगिनेछ ।

Scanned with CamScanner

३.४ आ. व. २०७७/०७८को बजेट सिद्धान्त र प्राथमिकताहरु :

१. आर्थिक वर्ष २०७७/०७८ विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रम सिद्धान्त र प्राथमिकता पेश गर्न पाउँदा गौरवको अनुभुति गरिरहेको छु। विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना रोगको संक्रमण रोक्ने र अर्थतन्त्रलाई चलाएमान बनाई राख्ने चुनौतिहरुको एकै पटक सामना गर्नु पर्ने कठिन परिस्थितिका बिचमा आगमि आर्थिक वर्षको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता प्रस्तुत गरी रहँदा मैले गहन जिम्मेवारी वहन गरी राखेको छु । यी चुनौतिहरुलाई सम्बोधन गर्दै विकास सुशासन र समृद्धिको यात्रा सुचारु गर्ने मुल ध्येयका साथ आगमि आर्थिक बर्षको बजेट तथा कार्यक्रम सिद्धान्त र प्राथमिकताहरु यस सम्मानित सभामा पेश गर्न अनुमति चाहन्छु ।

२.कोरोना संक्रमण ज़ोखिम न्यूनीकरण गर्न चालिएका कदमका कारण देशले हाल गम्भिर आर्थिक समस्याको सामना गर्नु परेको छ । अन्य क्षेत्रका अतिरिक्त श्रम क्षेत्रको बाह्य क्षेत्र संगको अन्तर आबद्धताको कारण अर्थतन्त्र प्रभावित भएको छ । भविष्यमा यो अझ गम्भिर रुपमा प्रकट हुने पूर्वानुमान गरिएको छ । उक्त असरबाट गाउँपालिका पनि अछुतो रहन सक्दैन । तसर्थ आगमि वर्षको बजेटले यो महामारीको असरबाट गाउँपालिकाका नागरिकहरुलाई सुरक्षित राख्ने आर्थिक असर न्युनीकरण गर्न योगदान पुर्याउने र गाउँपालिकाको आर्थिक विकासको खाका निक्यौल गरि भविष्यमा विकासको आधार तयार गर्नु पर्ने देखिन्छ ।

३.विनियोजन विधेयक २०७७ को सिद्धान्त र प्राथमिकता तय गर्दा नेपालको संविधानले परिकल्पना गरेको लोककल्याणकारी राज्यको अवधारणा मौलिकहककहरु राज्यका निर्देशक सिद्धान्त र नीतिहरु राज्यले लिएको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने अठोट पूरा गर्न गाउँपालिकाको तर्फवाट पुर्याउनु पर्ने योगदान र गाउँपालिकाको द्रुत विकासप्रति नागरिकको आकांक्षा गाउँपालिकाको आवधिक योजनालाई प्रमुख मार्गदर्शनको रुपमा लिएको छु । यसका अतिरिक्त दिगो विकास लक्ष्य प्राप्तिमा गाउँपालिकाको तर्फवाट गर्नु पर्ने योगदान नेपाल सरकारको नीति तथा कार्यक्रम प्रदेश सरकारको नीति तथा कार्यक्रम र स्थानीय तहका प्राथमिकताहरु र अन्तरसम्वन्धलाई बजेट तर्जुमाको आधारको रुपमा लिएको छु ।

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

अव म विनियोजन विधेयक २०७७ मा समावेश हुने बजेट तथा कार्यक्रमका सिद्धान्तहरु यस सम्मानित गाउँसभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

४.लोकतान्त्रिक राज्य व्यवस्थामा नागरिकको स्थान सर्वोच्च हुने सिद्धान्तमा आधारित भै गाउँपालिका नागारिक मालिक हुने जनप्रतिनिधी नागरिकका प्रतिनिधि हुने र सरकार नागरिकको सेवक हुने मान्यतालाई अंगिकार गर्दै समाजवाद तर्फ अग्रसर हुने आधार तयार गर्न आगमि बजेट केन्द्रित हुनेछ

५. नेपालको संविधानले तिन तहका सरकार विचको सम्वन्ध ,सहयोग, सह-अस्तित्व र समन्वयका आधारमा रहने व्यवस्था गरे अनुसार नेपाल सरकारले ,प्रदेश नम्वर एक सरकारले लिएको लक्ष्य प्राप्तिका लागि यस स्थानीय सरकारले सक्रिय र प्रभावकारी भुमिका निर्वाह गर्दै सह-अस्तित्वको सिद्धान्तलाई अंगिकार गर्ने गरि आगमि बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।

६.कोभिड१९ को महामारीका कारण मानविय ,सामाजिक तथा आर्थिक क्षेत्रमा पर्ने असरको दुष्चक्रवाट माथि उठ्न राष्टलाई गाउँपालिकाको तर्फवाट पुर्याउन सकिने योगदानमा विषेश ध्यान दिइनेछ। विभिन्न किसिमका महामारीलाई हृदयंगम गर्दै मानविय आर्थिक तथा सामाजिक विकासका लागि अल्पकालिन उपायको कार्यान्वयन तथा मध्यकालिन र दीर्धकालीन उपायहरुको पहिचान गरी शुरुवात गरिनेछ ।

७. संविधानको दायरा भित्र रही नेपाल सरकार प्रदेश सरकारको वितिय नीतिलाई योगदान पुर्याउन सक्ने गरी स्थानीय सरकारका उपकरणहरुको पहिचान गरी प्रयोग गरिनेछ ।उद्यमशीलता विकासको माध्यमवाट गाउँपालिकाको समग्र अर्थतन्त्रलाई व्यवस्थित गर्न संरचनागत व्यवधानहरुलाई न्यूनीकरण गर्न आगमि बजेट केन्दित हुनेछ ।रोजगारी सिर्जना मार्फत उत्पादकत्व बृद्धि गरी आर्थिक विकास गर्ने सिद्धान्तको पालना गर्न आगमि बजेट तथा कार्यक्रम केन्द्रित गरिनेछ ।

८. सीमित स्रोत र अधिक आवश्यकताका बिच उपलव्ध स्रोत तथा साधनको प्रभावकारी र सक्षम व्यवस्थापन गर्ने तर्फ ध्यान दिइनेछ । उपलब्ध स्रोतको विनियोजन दक्षता र समन्यायिक वितरणमा जोड दिइनेछ ।

९.आर्थिक विकासमा हरेक नागरिकको समान अधिकार रहन्छ भन्ने सिद्धान्तलाई हृदयंगम गर्दै विकासमा सम्पूर्ण नागरिकको सहभागिता सुहितको विकासलाई जोड दिइनेछ ।समाजको तल्लो तहको नागरिकलाई आत्मासम्मान प्राप्त हुनेगरी कार्यक्रम तय गरिनेछ ।

Scanned with CamScanner

१०.स्थानीय सरकार सबैको लागि हुन्छ भन्ने सिद्धान्तको अनुसरण गरिनेछ । निजी क्षेत्रको लगानी ,सहकारी, सामुदायिक क्षेत्रका लागि सहजकर्ता तथा संरक्षकको भुमिका निर्वाह गर्न सक्ने कार्यक्रमहरुमा जोड दिइनेछ ।

अव म विनियोजन विधेयक २०७७मा समावेश हुने बजेट तथा कार्यक्रमका प्राथमिकताहरु यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

११.उर्वर कृषियोग्य भुमिको भरपुर उपयोग गर्दै कृषि भुमिलाई परम्परागत जीविकोपार्जनवाट व्यवसायीक बनाइ द्रुततर विकासका लागि अर्थतन्त्रका सम्मपुर्ण क्षेत्रहरुलाई उत्प्रेरीत र क्रियाशील गराई आर्थिक विकास र समृद्धितर्फ अग्रसर गराउनु जरुरी छ ।

१२.कोभिड १९ को कारणले गर्नु परेको लक डाउनले गर्दा देशको अर्थतन्त्र, सामाजिक क्षेत्र र अन्य क्षेत्रमा पर्रेको प्रभावको अध्यायन ती प्रभावको निराकरणको उपाय धरासायी भएका कृषि तथा उद्योग व्यवसायहरुलाई चलायमान र गतिशिल बनाउने र राहत तथा पुनर्स्थापना सम्वन्धी आवश्यक नीतिगत स्रोतगत व्यवस्था गरिनेछ । कोरोना संक्रमणको जोखिम नियन्त्रण गर्न चालिएका कदमहरुवाट अर्थतन्त्रमा देखिएको शिथिलताको अन्त्य गर्दै आर्थिक गतिविधिलाई पुनर्जिवन दिन नयाँ विश्वास जागरण क्रियाशीलता र द्रुत गतिका साथ अघि बढाउने दिशा तर्फ बजेट केन्द्रित हुनेछ साथै राहत र पुनर्स्थापनामा बजेट केन्द्रित हुनेछ ।

१३. संविधानले परिलक्षित गरेको लोक कल्याणकारी राज्य निर्माण लागि सामाजिक न्याय सहितको तीव्र आर्थिक विकास तथा सवै प्रकारका असमानताको अन्त्य गर्ने ,आत्मनिर्भर ,उन्नतशील ,स्वतन्त्र र समृद्धि अर्थतन्त्र निर्माणमा योगदान गर्नेतर्फ आगमी बर्षको बजेट निर्देशित हुनेछ ।

१४.समृद्ध नेपाल सुखी नेपालीको राष्टिय लक्ष्य पुरा गर्न र गाउँपालिकाको आवधिक योजनाले निर्दिष्ट गरे अनुसारको विकास आवश्यकता सम्वोधन गर्न स्वच्छ ,सुखी र समुन्नत गाउँपालिककाको अवधारणा अनुरुप हामी अघि बढीरहेका छौ ।दिगो विकास लक्ष्य हासील गर्ने हाम्रो राष्टिय रणनीतिसँगै विश्वव्यापी कोरोना महामारीका कारण सिर्जना भएका नयाँ चुनौतिहरुको सामना गर्ने तर्फ गाउँपालिकाको तर्फवाट खेल्न सक्ने भूमिकामा विषेश ध्यान दिइनेछ ।

Scanned with CamScanner

१५.कोभिड१९को रोकथाम नियन्त्रण र उपचार एवं भविष्यमा आउनसक्ने विभिन्न महामारी विरुद्ध लड्न स्वास्थ्य सेवालाई सवल र सुदृढ तुल्याइनेछ ।स्वास्थ्य सेवामा सवै नागरिकको सहज पँहुच सुनिष्चि गर्दै सेवाको गुणस्तर अभिवृद्धिमा जोड दिदै अस्पताल र स्वास्थ्य पुर्वाधारको विकास तथा सेवा विस्तारमा प्राथमिकता दिइनेछ । सवैका लागि अनिवार्य स्वास्थ्य बीमाको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ ।

१६.बैदेशिक रोजगारीवाट फर्केका तथा कोभिड १९ का कारणले स्वदेशमा रोजगारी गुमेकाहरुलाई स्वरोजगारउन्मुख हुन, उत्प्रेरीत गर्ने कार्यक्रम तर्जुमा गरिनेछ ।सीपमूलक तालिम मार्फत उद्यमशीलता र स्वरोजगारी सिर्जना गर्दै उत्पादनसँग जोड्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७.गाउँपालिकाका सक्रिय जनसंख्यालाई क्रियाशील बनाउँदै, उद्यम र उत्पादनमुलक क्षेत्रमा श्रम, सीप , समय र पूँजी लगानी गरि प्रोत्साहन गर्नका लागि मानव संशाधन विकास गरिवी न्यूनिकरण र रोजगारी सिर्जना समेत हुने गरि क्षमता अभिबृद्धि तालिम , सीप र उद्यमशिलता विकास तालिम र युवालाई उद्यमशिल बनाउन विषेश कार्यक्रम सञ्चालनका लागि बजेटले प्राथमिकता दिइनेछ ।

१८.गाउँपालिका रहेका शिक्षा संस्थाहरुलाई समय सापेक्ष सुधार गरि दक्ष जनशक्ति उत्पादन गर्ने कार्यक्रमगत सुदृढीकरणमा जोड दिइनेछ ।

१९.तरकारी, माछामासु, खाद्यन्न फलफुल र दुध आदीको व्यवसायिक उत्पादनका लागि विशेष उत्पादन क्षेत्रहरु तोकी समुह तथा सहकारी मार्फत उत्पादन तथा बजारीकरण गर्ने नीति अवलम्वन गरिनेछ ।

२०.युवालाई विकास र आर्थिक, सामाजिक रुपान्तरणको संवाहकको रुपमा परिचालन गरी राष्ट्र निर्माणको नेतृत्व गर्न सक्षम तुल्याइनेछ ।खेलकुद पूर्वाधार निर्माण र खेलाडीहरुलाई प्रोत्साहित गर्दै यस क्षेत्रको समग्र विकास गरिनेछ ।

२१. महिलाको समग्र उत्थान, सशक्तिकरण तथा लैंङगिक समानता हासिल गर्न र लैङगीक हिसाको अन्त्य गर्न कार्यक्रम सञ्चालन गरिनेछ । लैङगीक उत्तरदायि शासन प्रणाली प्रवर्द्धन गरिनेछ । बालबालिकाको संविधान प्रदत्त अधिकार सुनिश्चित गरिनेछ । समाजका अशक्त, अपाङग, टुहुरा , असहाय तथा सडक बालबालिकाहरुलाई अभिभावकत्व तथा संरक्षण प्रदान गरीनेछ ।

रामकुमार कामी
अध्यक्ष

Scanned with CamScanner

२२. विद्यमान सामाजिक कुरीति र हिंसा बिरुद्ध नागरिक चेतना अभिवृद्धि गर्दै यस्तो कार्यलाई कानुन बमोजिम दण्डित गरिनेछ । नागरिहरु विच कुनै पनि आधारमा भेदभाव नहुने सुनिश्चित गरिनेछ ।

२३.सीपमुलक तालिम मार्फत उद्यमशिलता र स्वरोगारी सिर्जना गर्दै सवै नागरिकलाई उत्पादनसंग जोड्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ । श्रमिकको पारिवारीक, सामाजिक र आर्थिक हित बजेटको प्राथमिकतामा रहनेछ ।

२४.अनौपचारिक क्षेत्रमा काम गर्ने र दैनिक ज्यालामा जीवन निर्वाह गर्ने श्रमिकहरुलाई श्रमुलक प्रविधि मार्फत रोजगारीमा आवद्ध गरी आर्थिक क्रियाकलाप विस्तार गरिनेछ ।

२५.गाउँपालिकामा रहेका प्रमुख प्राकृतिक, ऐतिहासिक, धार्मिक ,सांस्कृतिक स्थल र उद्यानहरुलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरी पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा जोड दिइनेछ ।

२६.गाउँपालिकामा रहेका कृषियोग्य जमिनमा सिंचाइ सुविधा पुर्याउनको लागि आधुनिक र प्रविधियुक्त सिंचाइ पुर्वाधारको विकास गरिनेछ । साना सिंचाइ प्रणालीको विकासलाइ निरन्तरता दिइनेछ ।

२७.गरिव, विपन्न, असाहयहरुलाई नेपाल सरकार, प्रदेश सरकार साथै विभिन्न संस्थाहरुसंग समन्वय गरी आवास निर्माण र हस्तान्तरण कार्यक्रमहरुलाइ निरन्तरता दिइनेछ ।

२८.गाउँपालिकाका विभिन्न वडाका , वडा कार्यालयहरु , गाउँपालिकाको प्रशासनीक भवन र स्वास्थ्य, उपचारका लागि आवश्यक भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

२९.विपद् जोखिम न्यूनीकरणरको नीतिगत व्यवस्था सहित विपद् पुर्व तयारी प्रतिकार्य र राहत तथा पुनर्स्थापनाको कार्यलाई प्रभावकारी बनाउने कार्यमा जोड दिइनेछ ।

३०.नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको लागत सहभागितामा संचालन हुने आयोजनाहरुको सफल कार्यान्वयन र प्रभावकारीताको लागि समपुरक कोषको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

३१.समग्रतामा आगमी आर्थिक बर्षको बजेट उत्पादनशील क्षेत्रमा लगानी बृद्धि, उद्यमशीलताको विकास मार्फत रोजगारीका अवसर बृद्धि गरी उत्पादन र उत्पादकत्वको बृद्धि मार्फत गरिवी न्यूनीकरण विकासको लाभांशको समुचित वितरण , शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधार गुणस्तरीय र दिगो पुर्वाधार विकास, सुचना प्रविधिको विकास, विस्तार र जैविक विविधता संरक्षण , पर्यटन विकास र सुशासन कायम गर्ने तर्फ उन्मुख हुनेछ ।

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

खण्ड ४ अनुसूचिहरु :



Scanned with CamScanner

कटहरी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

अनुमानित आम्दानी

अनुसूची १

न	राजश्व सकेत	शिर्षक	आ व २०७७/७८को अनुमानित आय
१	११३१४	भुमिकर /मालपोत	१२००००००
२	११३२१	घरवहाल कर	३०००००
३	११३२२	बहाल विटौरी कर	१५००००
४	११४५१	सवारी साधन कर	८०००००
५	११४७२	विज्ञापन कर	१०००००
६	११६१३	व्यवसाय रजिष्टशन दस्तुर	४०००००
७	११६९१	अन्य कर	१३०००००
८	१४१५१	सरकारी सम्पति वहालवाट प्राप्त आय	०
९	१४२४२	नक्शा पास दस्तुर	२५०००००
१०	१४२४३	सिफारीस दस्तुर	६०००००
११	१४२४४	व्यतिगत घटना दर्ता दस्तुर	०
१२	१४२४९	अन्य दस्तुर	१५००००
१३	१४५२९	अन्य राजश्व	१०००००
		०	२२०००००
१४	१४१७९	सघवाट बाँडफाडवाट हुने राजश्व	७६६२४५३०
१५	१४१७९	प्रदेश बाँडफाँडवाट हुने राजश्व	४७७१०००
१६	१३३११	सघ समानिकरण अनुदान	१२८९०००००
१७	१३३११	प्रदेश समानिकरण अनुदान	७४१००००
१८		समपुरक अनुदान	१६७०००००
१९		अल्या आम्दानी	३७७१५०००
		जम्मा	२९४१२०५३०
२०	१३३१२	शसर्त अनुदान	१४२१०००००
		कुल जम्मा	४३६२२०५३०

Scanned with CamScanner

क्षेत्रगत बजेट बाँडफाँड

सि न	विभिन्न क्षेत्रगत बजेट		क्षेत्रगत बजेट
	समपुरक बजेट		३००००००
१	आर्थिक विकास	विनियोजित बजेट	१८९०००००
१.१	कृषि	८६०००००	
१.२	उद्योग तथा बाणिज्य	०	
१.३	पर्यटन	१०००००००	
१.४	सहकारी	३०००००	
१.५	वितिय क्षेत्र	०	
१.६	बाह्रय क्षेत्र	०	
२	सामाजिक विकास		३०३०००००
२.१	शिक्षा	१३०००००	
२.२	स्वास्थ्य	६०००००	
२.३	खानेपानी तथा सरसफाइ	०	
२.४	सस्कृती प्रवर्द्धन	२५०००००	
२.५	लैगिक समानता तथा सामाजिक समावेसिकरण	८८०००००	
३	पुर्वाधार विकास		१३६७८३५३०
३.१	शर्सत पुर्वाधार विकास	१६७०००००	
३.२	सडक तथा पुल	७१०००००	
३.३	सिचाइ	१७६८५३०	
३.४	भवन तथा शहरि विकास	१८०००००	
.४.३	होम पाईप तथा विधुत पोल खरिद	१६०००००	
३.५	क्रमागत योजना	२७७१५०००	
३.६	उर्जा तथा साना जलविधुत	०	
४	वातावरण तथा विपद् व्यवस्थापन	०	८०००००
४.१	वन तथा भु सरक्षेण	५०००००	

गाउँपालिका कार्यालय
अध्यक्ष

Scanned with CamScanner

४.२	जलधार सरक्षण	०	
४.३	वातावरण सरक्षण	५०००००	
४.४	जलवायू परिवर्तन	०	
४.५	फोहर मैला व्यवस्थापन	२०००००	
४.६	जलउत्पन्न प्रकोप नियन्त्रण	२०००००	
४.७	विपद् व्यवस्थापन	३०००००	
५	सस्थागत विकास तथा सेवा प्रवाह		३५०००००
५.१	सुरक्षा व्यवस्थापन	२०००००	
५.२	सूचना प्रविधि	०	
५.३	पञ्जिकरण व्यवस्थापन	०	
५.४	अभिलेख व्यवस्थापन	०	
५.५	सुशासन प्रवर्धन	५०००००	
५.६	अनुसन्धान तथा विकास	०	
५.७	खेलकुद विकास	१०००००	
६	कार्यलय सञ्चालन तथा प्रशासनिक	०	६६६३७०००
६.१	कार्यलय सञ्चालन तथा प्रशासनिक	६६६३७०००	
			२९४१२०५३०

Scanned with CamScanner

आ.व.२०७७।०७८ मा. प्रशासनिक प्रस्ताविक बजेट

अनुसूची २

संकेत नं.	खर्च वित्तिय शिर्षक	प्रस्तावित बजेट	कैफियत
२११११	कमचारी तलब	१८५०००००।००	
२११४१	पदाधिकारी बैठक भत्ता	११००००००।००	
२११४२	जनप्रतिनाधि सुविधा	६४०००००।००	
२११२१	पोशाक	८००००००।००	
२११३२	महगी भत्ता	१८५०००००।००	
२११३४	कमचारीका बैठक भत्ता(न्यायिक,मुल्याङकन तथा अन्य	१०००००००।००	
२११३५	कमचारी प्रात्साहन भत्ता	३०००००००।००	
२११३९	अन्य भत्ता	५००००।००	
२१२१२	कमचारी कल्याण कोष(विविध कोष)	३०००००००।००	
२२१११	पानी तथा बिजुली	५००००००।००	
२२११२	सचार महशुल	९००००००।००	
२२११२	सचार महशुल(वडा कायालय)	८४०००।००	
२२२१२	इन्धन(कायालय प्रयाजन)	१०००००००।००	
२२२१२	इन्धन(कायालय प्रयाजन) वडा कायालय	८४०००।००	
२२२१३	सवारी साधान ममत खच	१५००००००।००	
२२२१३	सवारी साधान ममत खच(वडा कायालय)	२१०००००।००	
२२२१४	बिमा तथा नावकरण खच	३५०००००।००	
२२२२१	मसनरी तथा आजार ममत सम्भार तथा सचालन खच	५००००००।००	
२२२२१	मसनरी आजार ममत सम्भार खच(वडा कायालय)	२१०००००।००	
२२३११	मसलन्द तथा कायालय सामग्री खच	२००००००।००	
२२३११	मसलन्द तथा कायालय सामग्री खच(वडा कायालय)	१००८०००।००	
२२३१४	इन्धन अन्य प्रायोजन	१०००००।००	
२२३१५	पत्रपात्रिका,छपाइ तथा सुचना प्रकाशन खच	१०००००००।००	
२२३१९	अन्य कायालय सचालन खच	५००००००।००	
२२४११	सवा र परामश खच	५००००००।००	
२२४१३	करार सवा शुल्क	१०००००००।००	
२२४१३	करार सवा शुल्क(वडा कायालय)	१२६०००।००	
२२५२२	पाषण भत्ता	२०००००।००	
२२५२९	विविध कायक्रम खच	५००००००।००	
२२६११	अनुगमन, मुल्याङकन खच	६००००००।००	
२२६१२	सरूवा भ्रमण खच	१५००००००।००	
२२७११	विविध खच	१२०००००।००	
२२७११	विविध खच (वडा कायालय)	८४०००।००	
२२७२१	सभा सचालन खच	६२५०००।००	
२५३१५	विरामी ,गरिव,असहाय आथिक सहायता	१०००००००।००	
२८१४२	घर भाडा	४००००००।००	
२८१४३	सवारी साधन तथा मसनरी आजार भाडा	४००००००।००	
२८१४१	जग्गा भाडा	५००००००।००	
२८९११	भपरी आउन चालु खच	११००००००।००	
३११११	फानिचर तथा फिक्चस	५००००००।००	
३११२२	मसनरी तथा आजार	५००००००।००	
३११३२	कम्प्युटर सफटवयर निमाण तथा खरिद एव अन्य बा	५००००००।००	
	जम्मा रकम	६६६३७०००।००	

Scanned with CamScanner

अनुसूची ३

१	आर्थिक विकास	विनियोजित बजेट	
१.१	कृषि	०	१८९०००००
	कृषि शाखा	०	६१०००००
१.१.१	कृषि प्रधानमन्त्री कृषी तरकारी व्लक क्षेत्र विकास कार्यक्रम (सिंचाइ लजिस्टीक सामान ५० प्रतिशत किशानको सहभागितामा वितरण गर्ने)	१००००००	
१.१.२	साना डिपबोर्डिङ वितरण (५० प्रतिशत किशानहरुको सामुहिक सहभागितामा वितरण गर्ने)	२५०००००	
१.१.३	गहुको विउ वितरण (५० प्रतिशतमा किशानहरुको सहभागितामा वितरण गर्ने)	५०००००	
१.१.४	मकैको विउ वितरण (५० प्रतिशतमा किशानहरुको सहभागितामा वितरण गर्ने)	७०००००	
१.१.५	विभिन्न तरकारीको विउ वितरण (५० प्रतिशतमा किशानहरुको सहभागितामा वितरण गर्ने)	२०००००	
१.१.६	जैविक प्राङगारीक मल उत्पादन तालिम	३०००००	
१.१.७	प्राकृतिक विषादी उत्पादन तालिम	३०००००	
१.१.८	सवारी इन्धन	१०००००	
१.१.९	हिउदे बाली विउ वितरण	५०००००	
	पशुसेवा शाखा		२५०००००
१.१.१०	बाडज्रा काष्टटर खारद (ठुला र साना)	५००००	
१.१.११	कम्पुर सेट	७००००	
१.१.१२	ए आइ रेफी २ लिटरको २ वटा	१०००००	
१.१.१३	बहु पोष डाले पाडा पाठा बाछा खरिद तथा वितरण सवै वडाहरुमा	५०००००	
१.१.१४	घाँस दुवानी	६००००	
१.१.१५	कार्यक्रम कार्यन्वयन अनुगमन दै भ्र भत्ता खर्च	१०००००	
१.१.१६	पशुहरुमा परजिवि नियन्त्रण कार्यक्रम	३५००००	
१.१.१७	विभिन्न संक्रामक पशु रोगहरुको सर्भिलेन्स तथा रिपोटीङ	१०००००	

Scanned with CamScanner

१.१.१८	पशु स्वास्थ्य उपचार	३०००००	
१.१.१९	प्रयोगशाला सेवा कार्यक्रम	२००००	
१.१.२०	[illegible] वडाहरुमा	५०००००	
१.१.२१	मर्मत संभार तथा ईन्धन खर्च	१०००००	
१.१.२२	[illegible] तयार	५००००	
१.१.२३	नष्लसुधार कायक्रम	२०००००	
१.२	पर्यटन पुर्वाधार निर्माण	०	१०००००००
१.३	सहकारी	०	३०००००

Scanned with CamScanner

अनुसूची ४

२	सामाजिक विकास		३०३०००००
२.१	शिक्षा	१३०००००	
२.२	स्वास्थ्य	६०००००	
२.२.१	म.स्वा.स्वयं. सेविकाको मासिक भता २७ जनाको २०००को दरले	७०२०००	
२.२.२	स्वास्थ्य संस्थाहरुको लागि औषधि खरिद	२०००००	
२.२.३	भिटामिन ए कार्यक्रम २ चरणको लागि	७५०००	
२.२.४	एम्वुलेस खरिद	१३०००००	
२.२.५	बर्थिंग सेन्टरको लागि औजार उपकरण खरिद	५०००००	
२.२.६	HMISको फोरम फर्मेट छपाई	१०००००	
२.२.७	स्वास्थ्य शाखाको बिबिध [मसलन्द]	४०००००	
२.२.८	आमासमुहको लागि म.स्वा.स्यमं.सेविकाहरुलाई प्रति महिना खाजा खर्च	१६२०००	
२.२.९	कोरोना रोकथाम सम्बन्धि सामग्री खरिद [महामारी]	४०००००	
२.२.१०	खोप कार्यक्रमको लागि [डीफ्रिज, फ्रिज, भ्याक्सिन केरियर र खोप सम्बन्धि चाहिने सामग्री	२०००००	
२.२.११	अनुगमन तथा इन्धन	१६१०००	
२.३	सस्कृती प्रवर्द्धन	२५०००००	
२.४	लैंगिक समानता तथा सामाजिक समावेसिकरण	८०००००	
	बालसंरक्षण कार्यक्रम		२१०००००
२.४.१	बाल बचावट	६२१०००	
२.४.२	बाल संरक्षण	१९७०००	
२.४.३	बाल विकास	४२३०००	
२.४.४	बाल सहभागिता	६६७०००	
२.४.५	संस्थागत विकास	१९२०००	
	महिला सम्वन्धी कार्यक्रम		२०००००

Scanned with CamScanner

२.४.६	रोजगारी बृद्दि गर्ने शिप विकास कार्यक्रम सातै वडाहरुमा सञ्चालन गरिने	१४०००००	
२.४.७	नारी दिवस	१०००००	
२.४.८	३ दिने समविकास तालिम	२०००००	
२.४.९	छोरी पढाउ दाइजो घटाउ अभियान सञ्चालन सातैवटा वडाहरुमा सञ्चालन गरिने	३०००००	
	अन्य क्षेत्रहरु		४७०००००
२.४.१०	अपाङ्गता शिप विकास कार्यक्रम	१०००००	
२.४.११	अपाङ्गतालाई क्षमता विकास गर्न करुणा फाउण्डेशन संग सझेदारी कार्यक्रम	१९०००००	
२.४.१२	मुस्लीम समुदाय ताथा आदीवासी जनजाति सीप बिकास कार्यक्रम	२०००००	
२.४.१३	युवा वर्ग सीप विकास तालिम	२०००००	
२.४.१४	पिछडा वर्ग र दलित सीप विकास तालिम	२०००००	
२.४.१५	जनप्रतिनिधि क्षमता विकास कार्यक्रम	५०००००	
२.४.१६	अध्ययन अवलोकन भ्रमण	६०००००	
२.४.१७	मेलमिलाप कर्ता क्षमता विकास	४०००००	
२.४.१८	वडाको सिफारिसमा क्रीयाखर्च बापत प्रति परिवार राहत रु ७००० उपलब्ध गराउने	६०००००	
३.०.०	संस्कृती प्रवद्धन		२५०००००

Scanned with CamScanner

शैक्षिक सुधार कार्यक्रम आ.व. २०७७/०७८
प्रस्तावित बजेट बाँडफाड विवरण

क्र.स.	कार्यक्रमको	सँख्या / दर	अनुमानित बजेटि	
१	विधार्थीहरुको लागी सामाग्री			
	क.	पोसाक / सर्ट पेन्ट	२२५०*९००	२०२५०००
	ख	व्याग	२२५०*३५०	७८७५००
	ग	कपि	२२५०*१०*२*१७	७६५०००
	घ	पेन्सिल	२२५०*१०*१*६	१३५०००
	ङ	इरेजर	२२५०*१०*१/२*४	४५०००
	च	अँग्रेसी माध्ययम पाठ्य पुस्तक	२२५०*४८८*८०	११०००००
	छ	खेल, शैक्षिक सामाग्री सवै तह	आधारभुत (१-५) १७ वटा *२५०००	४७५०००
			"(१-८)र मा.वि १० वटा*४५०००	४५०००००
			पुरस्कार	५७०००
			जम्मा	५८३९५००
	प्रोत्साहन भत्ता			
२	क	बाल विकास स.का	४४*१२*२०००	१०५६०००
	ख	विधालय कर्मचारी	२२*१२*२०००	५२८०००
३	विधालय मर्मत		१९*२८४२१	४४५०००
			जम्मा	२०२९०००
४	थप शिक्षक व्यवस्थापन			
	क	तलव	१३*१३*१३५००	२२८१५००
		पोशाक	१३*१००००	१३०००
५	मर्दशा सुधार कार्यक्रम			१०००००
६	अतिरित्त क्रियाकलाप		सवै	१६००००
७	क्यालेण्डर निर्माण			५००००
८	अनुगमन निरीक्षण		निरन्तर	१७५०००
९	तथ्याङक व्यवस्थापन	IEMIS		७५०००
			जम्मा	२९७१५००
१०	तालिम / क्षमता विकास			
	क	अंग्रेजी र गणित शिकाई सम्बन्धी		२५००००
	ख	वि.व्य.स / शि.अ.संघ क्षमता विकास		१०००००

Scanned with CamScanner

	ग	बाल विकास स.का / क्षमता विकास	४४	२०००००
११	नियमित मासिक प्र.अ बैठक			१०००००
१२	शिक्षक अन्तरक्रिया (विषयगत)			१६५०००
१३	ईलेक्टोनिक्स हाजिरी सवै विद्यालयहरुमा			४४५०००
१४	कक्षा ५ र ८ परिक्षा र सरसफाइ			६७५२५०
१५	शाखा सञ्चार खर्च		१२*१०००	१२०००
१६	शिक्षक व्याग र डायरी		१८५*११५०	२१२७५०
			जम्मा	२१६००००
			सवैको जम्मा गरी	१३०००००

रामकुमार कामी
अध्यक्ष

Scanned with CamScanner

अनुसूची ५

३	पुर्वाधार विकास		१०९०६३०००
३.१	शर्सत पुर्वाधार विकास	१६७०००००	
३.१.१	रिङरोड पिच निर्माण वडा नं २ र ६ क्रमागत योजना ५० प्रतिसत थप रकम गाउँपालिका समपुरक कोषवाट	१२७०००००	
३.१.२	सुरेश घर बाङगे हटीया हुदै उत्तर ग्रामथान जोड्ने सडक पिच थप ५० प्रतिशन गाउँपालिका समपुरक कोषवाट	४०००००	
३.२	सडक तथा पुल	७१०००००	
३.२.१	आनन्द मन्दिर निर्माण खोरीया चोक वडा नं १	८०००००	
३.२.२	रामजानकी मन्दिर निर्माण कदमटोली वडा नं २	१०००००	
३.२.३	संसारी माई मन्दिर निर्माण वडा नं २	७०००००	
३.२.४	गैरी टोल हनुमान निर्माण तथा निजामको घर छेउ तट्वन्धन वडा नं २	८०००००	
३.२.५	रामजानकी मन्दिर निर्माण अमृत टोल वडा नं ६	१५०००००	
३.२.६	गेडमहाराज मन्दिर निर्माण ढेलाठोकी वडा नं ६	५०००००	
३.२.७	भोलेबाबा मन्दिर निर्माण भोलेबाबा टोल वडा नं ६	५०००००	
३.२.८	बाबा वनस्खण्डी निर्माण वडा नं ७	१०००००	
३.२.९	तकीया चोकको पश्चिम पट्टीको मन्दिर निर्माण वडा नं ७	५०००००	
३.२.१०	हनुमान मन्दिर निर्माण वडा नं ५	५०००००	
३.२.११	चुलाई साहको घर दक्षिण वडा कार्यालय जानेवाटो कालोपत्रे गर्ने वडा नं ४	३०००००	
३.२.१२	सतुलालको गोला देखि चोधरी चोक जाने बाटो कालोपत्रे गर्ने वडा नं ३	२०००००	
	माओवादी मार्ग कालोपत्रे गर्ने वडा नं ३	१०००००	
३.२.१३	थानमार्ग ग्राभेल वडा नं १	७०००००	
३.२.१४	~~रामजानकी मन्दिर~~ कटहरी १	५०००००	
	जम्मा	१५०००००	

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

३.२.१५	चौधरी चौक अधुरो कालो पत्रे गार्ने कार्य , वडा नं. १	१६०००००	
३.२.१६	राजवंशी सामुदायिक भवन अधुरो निर्माण कार्य , वडा नं. १	५०००००	
३.२.१७	झझौरा सामुदायिक भवन अधुरो निर्माण कार्य , वडा नं. १	५०००००	
३.२.१८	झझौरा अधुरो पक्की नाला निर्माण कार्य,वडा नं. १	५०००००	
३.२.१९	हरिपुर कलर्भट निर्माण कार्य , वडा नं. १	८०००००	
३.२.२०	मुस्लिम टोल पक्की नाला निर्माण कार्य ,वडा नं. १	५०००००	
३.२.२१	आनन्द मन्दिरको उत्तर पुर्व जाने वाटो ग्रावेल गर्ने र रामप्रसादको घर केशव प्रसादको घरसम्म ग्राभेल, वडा नं. १	१०००००	
३.२.२२	कालिराम घर देखि घुरन मुखियाको घरसम्म, वडा नं. १	४०००००	
३.२.२३	खोरीया पुर्व उत्तर जाने सडक नाला निर्माण कार्य ,वडा नं. १	२०००००	
३.२.२४	हिमाली मार्ग अधुरो पक्की नाला निर्माण कार्य ,वडा नं. १	२०००००	
३.२.२५	काशिनाथ पोखरेलको घरदेखि राजेशको घरसम्म नाला निर्माण कार्य , वडा नं. १	२०००००	
३.२.२६	भजनाको घरदेखि बखरी बासको घरसम्म नाला निर्माण कार्य , वडा नं. १	२०००००	
३.२.२७	आँपगाछी बाटो ग्राभेल गर्ने, वडा नं. १	१०००००	
३.२.२८	सानोतिनो योजना निर्माण ,वडा नं. १	१०००००	
३.२.२९	प्रदिपको घर देखि अनिताको घरसम्म नाला निर्माण कार्य ,वडा नं. १	३०००००	

Scanned with CamScanner

३.२.३०	देवराज चौधरीको कुखुरा फर्म जाने बाटो ग्रावेल कार्य ;वडा नं. १	१५००००	
३.२.३१	वडा कार्यालय उत्तर जाने बाटो ग्रावेल गर्ने, वडा नं. १	१५००००	
३.२.३२	मुडियारी टोल जाने सडकमा कलर्भट निर्माण कार्य , वडा नं. १	५०००००	
३.२.३३	मकालु मार्गमा रिटेनीङ्ग वाल निर्माण काय ,वडा नं. १	४०००००	
३.२.३४	सन्तोष मार्ग सडक निर्माण वडा न. १	१०००००	
३.२.३५	थान(क्लब)मार्गमा रिटेनीङ्ग वाल निर्माण कार्यवडा नं. १	४०००००	
३.२.३६	जितन पण्डितको घरदेखि दुर्गा मन्दिरसम्म बाटो ग्रावेल गर्ने , वडा नं. १	१०००००	
	जम्मा	८०००००	
३.२.३७	वडा नं. ४को सीमाना देखी दोमुहानसम्म ग्रावेल ,वडा नं. २	७५००००	
३.२.३८	रंगेली रोड देखि छत्तरलाल मार्ग रिटेनीङवाल , वडा नं.२	७५००००	
३.२.३९	मुस्लीम टोल देखि मुन्नी साहको घरसम्म पि.सि.सि., वडा नं. २	११०००००	
३.२.४०	राम जानिकी मन्दिर उत्तर तट्वन्धन निर्माण , वडा नं. २	१००००००	
३.२.४१	होलाइ मार्ग पश्चिम खरेलको घर पुर्व लामाको घर जानेवाटो , वडा नं. २	१००००००	
३.२.४२	चिउरा मिल पश्चिम रिटेनीङवाल निर्माण र बाटो ग्रावेल , वडा नं. २	५०००००	
३.२.४३	निजामका घर छेउ तट्वन्धन , वडा न.२	५०००००	
३.२.४४	शंकर भट्टराईको र गोपाल साहको घर जानेवाटो ग्राभेल , वडा नं. २	४०००००	

रामकुमार कामत
अध्यक्ष

Scanned with CamScanner

३.२.४५	विपन्न बालबालिकालाई टिउसन कक्षा संचालन , वडा नं. २	५०००००	
३.२.४६	वाइ फाइ थप जडान र रिचार्ज , वडा न.२	४०००००	
३.२.४७	वडा न.२ सडक बत्ति जडान	८०००००	
३.२.४८	रेलवये पुर्व राजकिशोरको घर जाने बाटो ग्रावेल , वडा नं. २	२०००००	
३.२.४९	साना योजनाहरु सचालन वडा न.२	१०००००	
	जम्मा	८०००००	
